# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### सहकारी बैंकको स्वरुप र कार्यदिशाका सम्बन्धमा स्पष्ट कानुन आवश्यक - गभर्नर डा. खतिवडा

गभर्नर डा. युवराज खतिवडाले सहकारी बैंकको स्वरुप र कार्यदिशाका सम्बन्धमा स्पष्ट कानुन आवश्यक रहेको कुरा बताउनु भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको मंसिर २९ गते विराटनगरमा आयोजित ११औं साधारणसभामा विशिष्ट अतिथिका रुपमा सम्बोधन गर्दै उहाँले भन्नुभयो- “राष्ट्रिय सहकारी बैंक र वित्तीय सहकारीहरू तदर्थवादमा चल्नु हुँदैन ।”



गभर्नर डा. खतिवडाले सहकारी नेपालको आर्थिक क्रान्ति र सामाजिक रुपान्तरणको संवाहक भएको र बैंक तथा वित्तीय संस्थाहरुको भन्दा फरक प्रकारले कारोवार हुने भएकाले सहकारी मार्फत् प्रवाह हुने वित्तीय सेवा समावेशी वित्तीय प्रणाली विकास गर्न महत्वपूर्ण हुने कुरा बताउनु भयो । सहकारीका सदस्यहरू सबै आय वर्गका हुन सक्ने भएकोले राज्यद्वारा प्रवर्द्धित लक्षित वर्गका कार्यक्रमहरु सहकारी संस्थामार्फत लागू गर्न केही कठिनाइ रहेको चर्चा गर्दै उहाँले बैंक सेवाबाट बञ्चित उत्पीडीत समुदायसम्म सहकारी बैंकको सेवा विस्तारका लागि नेपाल राष्ट्र बैंकले सहयोग गर्ने जानकारी दिनुभयो ।

गभर्नर डा. खतिवडाले राष्ट्रिय सहकारी बैंक नियमनकारी भूमिकातर्फ रुपान्तरण हुँदै जानुपर्ने धारणा राख्नुभयो । राष्ट्रिय सहकारी बैंकको सञ्जाल वृद्धिसँगै संरक्षकत्व, क्षमता विकास र अनुगमनका लागि उपयुक्त कानुनी व्यवस्था जरुरी रहेको उहाँले औंल्याउनु भयो । संस्था बिग्रन गएमा त्यसलाई सुधार्न लामो समय लाग्ने हुनाले त्यसतर्फ सचेत रहन र आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन उहाँले आग्रह गर्नुभयो ।

उक्त सभाको उद्घाटन उपराष्ट्रपति परमानन्द झाले गर्नुभएको थियो । सभामा सहकारीकर्मीहरु तथा उद्योग-वाणिज्य क्षेत्रका प्रतिनिधिहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

**२०७१ मंसीर २९ गते सोमबार**

**गभर्नरको कार्यालय**